JAGDULLA HYDROPOWER COMPANY LIMITED
जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड

## बिज्ञहरुको सूचि (Roster) मा सुचीकृत हुन निबेदन दिने सम्बन्धी सूचना ।

मिति : २०८३।०४।०५

यस कम्पनीद्वारा निर्माण गरिने विभिन्न जलविद्युत आयोजनाहरुको प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय पक्ष लगायत कम्पनीले सम्पादन गर्ने अन्य कार्यहरुको सिलसिलामा अध्ययन, अनुसन्धान, मुल्यांकन एबं विश्लेषण गर्ने कार्यका लागि सम्बन्धित विषयको विज्ञहरुलाई सूचीकृत गरी परामर्श सेवा लिने/खरिद गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) तथा जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेडको खरिद विनियमावली, २०८१ को विनियम २३ बमोजिम मौजुदा सूचि अध्याबधिक गर्नुपर्ने भएकोले विज्ञहरुको सूची (Roster) तयार गर्ने सन्दर्भमा योग्यता पुगेका ईच्छुक व्यक्तिले निम्नानुसारको विवरण सहित यस कम्पनीमा आईपुग्ने गरी निबेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

### क) सूचीकृत गरिने विषयः

Hydropower Engineer, Civil Engineer, Hydrologist, Structure Engineer, Dam Engineer, Geotechnical Engineer, Tunnel/Underground Engineer, Highway/Transportation Engineer, Mechanical Engineer, Electrical Engineer, Hydro-Mechanical Engineer, Electro-Mechanical Engineer, Cost Estimator, Geologist, Construction Planner, Contract Expert, Architect, IT (Software, Hardware, Network, Communication), Economic Analyst, Sociologist, Environmentalist, Financial Analyst, Management Expert, Legal Expert, Project Management Expert.

### ख) योग्यताः

१) सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरी सोही विषयमा निरन्तर रुपमा हालसम्म कार्यरत रही कम्तिमा १० (दश) वर्षको कार्य अनुभव भएको ।

२) माथि उल्लेखित योग्यता पुगेका नेपाली नागरिक वा गैर आवाशीय नेपाली वा नेपालमा कार्य गर्न नेपाल सरकारबाट ईजाजत प्राप्त गरी कार्य गर्न सक्ने बिदेशी नागरिक विज्ञ सूचीमा सूचीकृत हुन सक्ने छन् ।

### ग) संलग्न गरिनु पर्ने कागजातहरुः

१) व्यक्तिगत विवरण (**Bio-data**) दस्तखत सहित ।

२) नेपाली नागरिकताको प्रतिलिपी (गैर आवाशीय नेपाली र बिदेशीको हकमा राहदानीको प्रतिलिपी ।

३) स्थायी लेखा नम्बर वा मु.अ.कर दर्ता प्रमाणपत्रको छांयाप्रति (नेपाली नागरिकको हकमा) ।

### घ) निबेदन बुझाउने स्थान र प्रकृयाः

१) उल्लेखित विषयहरु मध्ये आफू सूचीकृत हुन चाहेको विषय निवेदनमा स्पष्टरुपमा खुलाई तोकिए बमोजिमका आवश्यक कागजात सहित सोझै कम्पनीको कार्यालय वानेश्वर, काठमाडौमा कार्यालय समयभित्र बुझाउन सकिनेछ वा कम्पनीको ईमेलः **info@jhcl.com.np** मा आवश्यक कागजात **PDF Format** मा पठाउन सकिनेछ ।

२) योग्यता पुगेका व्यक्तिले एक वा सोभन्दा बढी विषयमा समेत निबेदन दिन सक्नेछन् ।

प्राप्त निबेदन उपर अध्ययन गरी विज्ञको सूचिमा समावेश गर्ने वा नगर्ने अन्तिम अधिकार कम्पनीमा सुरक्षित रहने छ। यस सम्बन्धी थप जानकारीको लागि कम्पनीको कार्यालय वानेश्वर, काठमाडौमा कार्यालय समयभित्र सम्पर्क राख्न वा कम्पनीको फोन नं. ०१-४५७९२४२ वा ईमेल **info@jhcl.com.np** बाट जानकारी प्राप्त गर्न सकिनेछ ।

Baneshwor, Kathmandu-31, Nepal
Tel.: 977-014579242 | Email: info@jhcl.com.np
Website: www.jhcl.com.np